
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २५ गते शुक्रबार ❑ 11 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मतदान केन्द्रलाई समावेशी र अपाङ्गतामैत्री बनाउन आयोगको निर्देशन

**रासस**
**काठमाडौं, २४ कार्तिक**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा मतदान केन्द्रलाई समावेशी तथा अपाङ्गमैत्री बनाउन निर्देशन दिएको छ।

आयोगले बिहीबार एक निर्देशिका जारी गर्दै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनमा खटिने सबै कर्मचारीलाई निर्देशन दिएको हो । आयोगले जारी गरेको ' निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७ र प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका २०७९ मा लैङ्गिक तथा समावेशी सिद्धान्तको कार्यान्वयनमा जोडदिएको हो।

मतदान कक्ष बनाउदा वा मतपेटिका राख्दा धेरैअग्लो ठाउँमा नबनाई वा नराखी होचो कद वा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकले पनि सजिलै मत सङ्केत गर्न सक्ने गरी निर्माण गर्न आयोगको निर्देशन छ। साथै, गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी मतदाताका लागि विश्राम गर्ने ठाउँको व्यवस्था समेत गर्न आयोगले निर्देशन दिएको छ । "गर्भवती, सुत्केरी, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, आफ्नो काखे बालबालिका साथमा भएकी महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई मतदानमा प्राथमिकता दिनुपर्नेछ", निर्देशिकामा भनिएको छ।

आफ्नो मत सङ्केत गर्न नसक्ने मतदाताका साथमा आएको एकाघरको परिवारको सदस्यलाई मतदान कक्षमा लैजाने अनुमति मागेमा उक्त व्यक्ति मतदान गर्न असमर्थ व्यक्तिहो वा होइन यकिन गरीमतदान कक्षमा प्रवेश गर्ने अनुमति मतदान अधिकृतले अनुमति दिनसक्ने निर्देशिकामा उल्लेख छ।

आयोगका सहायक प्रवक्ता कमल भट्टराईका अनुसार निर्वाचन सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिकमैत्री तथा समावेशी हुने गरी प्रभावकारी बनाउन समेत निर्देशन दिइएको छ । उहाँले गम्भीर प्रकृतिका अशक्त, दीर्घ रोगी, ज्येष्ठ नागरिक मतदातालाई सवारी साधनको प्रयोग गरी मतदान केन्द्रसम्म पुऱ्याउन र फर्किनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न समेत निर्देशन दिइएको जानकारी दिनुभयो।

## संविधानको रक्षाका लागि गठबन्धन : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
**गोरखा, २४ कार्तिक**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य पदका उमेदवार पुष्पकमल दाहाल ' प्रचण्ड'ले ७० वर्ष लडेर ल्याएको संविधानको रक्षाका लागि अहिलेको वाम-लोकतान्त्रिक गठबन्धन बनेको बताउनुभएको छ।

गोरखाको अजिरकोट गाउँपालिकाको भच्चेकमा बिहीबार आयोजित चुनावी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले जनताको ठूलो बलिदानबाट बनेको संविधान लोकतन्त्रविरोधीबाट धरापमा परेपछि संविधान पक्षधर एकै ठाउँमा उभिएको बताउनुभयो । "यो गठबन्धन हामीले प्राप्त गरेको उपलब्धिको रक्षा गर्नुको साटो भत्काउने कोसिस गरेपछि त्यसको रक्षाका लागि बनेको हो", अध्यक्ष दाहालले भन्नुभयो, "अझै पनि बेलाबेलामा प्रतिगामी, यथास्थितिवादी शक्तिले टाउको उठाउने प्रयास गरिरहेका छन् ।"

उहाँले सबै उत्पीडित आदिवासी जनजातिको पक्षमा लडेर ल्याएको अधिकार कुनै हालतमा गुम्न नदिने बताउनुभयो । "हामीले लडेर महिला, आदिवासी, जनजाति र पिछडिएका वर्गको अधिकार स्थापित गरेका छौँ, म ती अधिकार खोस्न कुनै हालतमा दिन्न, भोट माग्न मात्र आफू गोरखा आएको नभई विकास गतिलाई तीव्रता दिन पनि आएको हुँ", उहाँले भन्नुभयो । अध्यक्ष दाहालले उत्पीडितको अधिकारको कुरा गर्दा केही उग्रवादीले जातीय साम्प्रदायिकता फैलाउने षड्यन्त्र गरिरहेको आरोपसमेत लगाउनुभयो । सोही कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा गोरखा क्षेत्र नं २ अन्तर्गत प्रदेशसभा (२) का उम्मेदवार सुरेन्द्रराज पाण्डेले एमालेले दुईतिहाइ बहुमत जोगाउन नसक्ने एमालेलाई फेरि भोट दिन नहुने बताउनुभयो । उहाँले एमालेलाई भोट दिए देश फेरि पाँचवर्ष बर्बाद हुने बताउनुभयो । नेता पाण्डेले वाम-लोकतान्त्रिक गठबन्धनलाई निर्वाचनमा भोट दिएर देशलाई समृद्धिको दिशामा लैजानुपर्ने बताउनुभयो । उहाँले समृद्ध राष्ट्र निर्माणका लागि अग्रगामी शक्तिको आवश्यकता रहेको भन्दै अहिले गठबन्धन त्यसै आधारमा बनेको बताउनुभयो । गोर्खाली जनताले भोलिको प्रधानमन्त्री हुने व्यक्तिलाई अत्याधिक बहुमतले जिताएर पठाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

## जातीय विभेदको अन्त्य आरक्षणबाट होइन ज्ञान र सीपले हुन्छ : एमाले अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २४ कार्तिक**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जातीय विभेदको अन्त्य आरक्षणबाट नभई ज्ञान र सीपबाट मात्र हुने बताउनुभएको छ।

एमाले निकट नेपाल उत्पीडित जातीय मुक्ति समाजले बिहीबार झापाको दमकमा आयोजना गरेको प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उहाँले आरक्षणले कुनै जाति समुदायको उत्थान गर्न नसक्ने बताउनुभयो । उहाँले आरक्षणले ज्ञान, सीप र क्षमतालाई निष्क्रिय बनाउँदै समुदायका पनि एउटा निश्चित व्यक्तिले मात्र अवसर पाउने बताउनुभयो।

उहाँले भन्नुभयो, "आरक्षणले बौद्धिकता र ज्ञानमाथि अन्याय हुन्छ", उहाँले भन्नुभयो । लामो समयदेखि उत्पीडनमा परेका जाति समुदायलाई केही समयका लागि मात्र आरक्षणको व्यवस्था गरिएकाले अब लामो समय जान नहुनेमा उहाँले जोड दिनुभयो । नेपालमा संविधान र कानूनमा विभेद हटेको वर्षौं भए पनि मानिसको चेतना र व्यवहारमा हट्न अझै बाँकी रहेको उहाँको भनाइ छ। उहाँले देशमा भएको जातीय विभेदविरुद्ध सङ्गठितरूपमा एमालेले आवाज उठाउँदै आएकाले अब राज्यतहबाटै विभेद उन्मूलनको योजना अघि बढाइने बताउनुभयो।

झापा क्षेत्र नं ४ सुरुङ्गा बजारमा आयोजित चुनावी सभामा मुलुकलाई राष्ट्रियता र लोकतन्त्रको निम्ति लड्न सक्ने शक्तिको खाँचो भएको बताउनुभएको छ । मुलुकमा सुसाशन कायम गर्ने, विकासलाई अगाडि बढाउने र राष्ट्रियताका लागि लड्ने सक्ने शक्ति अबको आवश्यकता भएको उहाँले बताउनुभयो । अध्यक्ष ओलीले यी सब गर्ने र राष्ट्रिय निर्माणको सङ्कल्प बोकेको शक्ति मुलुकमा एमालेबाहेक अरु कुनै पनि हुन नसक्ने जिकिर गर्नुभयो । उहाँले विगतको ४१ महिना आफू प्रधानमन्त्री हुँदा गरेका कामको फेहरिस्त हालै पार्टीले सार्वजनिक गरिएकोघोषणापत्रमासमेतउल्लेख गरेको बताउनुभयो । "एमालेले गरेका सयवटा कामका बारेमा बसेकै ठाउँबाट भन्नसक्छु", उहाँले भन्नुभयो।

## स्याङ्जामा २५ सय बढि कर्मचारी खटिने

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २४ कार्तिक**

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि स्याङ्जा जिल्लामा २ हजार ५ सय ५० जना कर्मचारी मतदान स्थल र केन्द्रमा खटिने भएका छन्।

जिल्लाका १९९ मतदान स्थल र ३ सय २० मतदान केन्द्रमा २ हजार ५५० कर्मचारी खटिने जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले जनाएको छ। मतदान स्थलमा मतदाताको संख्याको आधारमा ८ देखि ९ जना कर्मचारी खटिने कार्यालयले जनाएको छ । २ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र र ४ प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र रहेको स्याङ्जामा ३ सय २० मतदान अधिकृत, ३ सय २० सहायक मतदान अधिकृत, १५ सय ९० सहायक कर्मचारी र ३ सय २० सहयोगी कर्मचारी मतदान स्थलमा खटाउन लागिएको हो । जिल्ला कारागारका कैदीबन्दीलाई समानुपातिक तर्फ मतदान गराउन सदरमुकाम पुतलीबजारमा एक अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ । अस्थायी मतादान केन्द्रमा कारागारका महिला ४ र १३० पुरुष मध्ये मतदाता नामावलीमा नाम भएका कैदीबन्दीले मतदान गर्ने छन्।

मतदान स्थल र केन्द्रमा जाने कर्मचारीलाई मतमपत्र सहितका निर्वाचन सामग्री दिएर खटाउन लागिएको कार्यालयले जनाएको छ । जिल्लाका ९७ वडामा १९९ मतदान स्थल र ३ सय २० मतदान केन्द्र रहेका छन्।

## 'नो, नट अगेन' अभियान कार्यान्वयन नगर्ने आदेशलाई निरन्तरता

**रासस**
**काठमाडौं, २४ कार्तिक**

सर्वोच्च अदालतले 'नो, नट अगेन' अभियानमा आबद्ध समूहलाई साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्वाचन आयोगको निर्देशन तत्काल कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई निरन्तरता दिएको छ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले बिहीबार पहिला भएको एकल इजलासको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो । न्यायाधीश हरिप्रसाद फुँयालको एकल इजलासले यही कात्तिक २० गते अल्पकालीन अन्तरिम आदेश दिएको थियो। अदालतले उक्त आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा बिहीबार दुवै पक्षलाई छलफल बोलाएपछि उक्त आदेश गरेको हो। निर्वाचन आयोगलाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीले यही कात्तिक १४ गते ' नो, नट अगेन' अभियानमा आबद्ध समूहलाई साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्देशनविरुद्ध रिट निवेदन दायर गर्नुभएको थियो । यो आदेशसँगै निर्वाचन आयोगले साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्देशन रोकिएको छ।

## आहा ! रारा गोल्डकप फुटबल प्रतियोगिता पुस १२ देखि

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ कार्तिक**

सहारा क्लब पोखराको आयोजनामा बर्सेनि हुँदै आएको आहा ! रारा गोल्डकप फुटबल प्रतियोगिताको मिति तय भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले आगामी पुस १२ देखि २३ सम्मका लागि मिति दिएको हो।

एन्फाले मिति दिएसँगै आयोजकले 'आहा ! रारा गोल्डकप-२०७९ फुटबल प्रतियोगिताको (क्याराभाना गोल्डकपसहित) २२ औं संस्करण' तयारीमा जुटेको सहारा क्लब पोखराका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए।

पोखरा रंगशालामा हुने राष्ट्रिय-अन्तर राष्ट्रियस्तरको अन्तरक्लब आमन्त्रित सो प्रतियोगितामा ए डिभिजन क्लब, विभागीय क्लब र विदेशीसहित मोफसलका टिमहरु र आयोजक सहारा क्लब पोखरा टिम सहभागी हुनेछ १२ टिमले भाग लिने छन् । प्रतियोगिको मुख्य प्रायोजक सदाझैं हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ हुनेछ । साथै पोखरा महानगरपालिकाको संयोजन रहनेछ । पहिलो संस्करण देखी नै मुख्य प्रायोजकको रुपमा बहुचर्चित मोफसलको व्यापारिक प्रतिष्ठान हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले गरेको छ।

अफिसियल बैंक लुम्बिनी विकास बैंक, सहयोगी संस्था राष्ट्रिय खेलकुद परिषद/प्रदेश खेलकुद परिषद गण्डकी रअखिल नेपाल फुटबल संघ/पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति/जिल्ला खेलकुद विकास समिति कास्की/कास्की जिल्ला फुटबल संघ/ सहारा यु.के./सहारा क्लब हङ्गकङ्ग/सहारा क्लब अष्ट्रेलिया समेतको बिशेष सहयोग र पोखरा महानगरपालिकाको संयोजनमा क्लबले यस प्रतियोगिताको आयोजना गर्ने लक्ष्य लिएको छ।

यस्तै, राष्ट्रिय खेलकुद परिषद्, एन्फा, सहारा युके, सहारा क्लब हङकङ, सहारा अष्टेलियाको विशेष सहयोग रहनेछ । विगतमा झैं सहारा युकेले उत्कृष्ट ५ विधा, म्यान अफ दि म्याच र मेडल प्रायोजन गर्नेछ।


धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

◆ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
◆ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
◆ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
◆ धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
◆ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ। त्यसैले, धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# कुराले भन्दा कामले सबैको मत बटुल्दै माइला दिपक

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक




सानै उमेरदेखी कुरा भन्दा काम गर्ने, शिष्टता पुर्वक हाँस्ने, चकचक कम गर्ने, दुइ साथीविच झगडा देख्यो कि जुरुक्क उठेर गल्ती गर्नेलाइ सम्झाउने उनको वानी थियो । साथीभाइको भिडमा पनि आँफु भलादमी भएर बस्ने विचार पस्कदा परिपक्कदा भएर बोल्ने । उनको परिपक्कदा वानीले यो दिपक थोरै वोल्छन् दीर्घकालीन सोचेर वोल्छन् भनेर साथीभाइले समस्याको गाँठो फुकाउने साथीको रुपमा चिन्थे । हरेक साथीभाइको विवाद मिलाउने प्रतिभाले उनलाइ अदालत आयो अव निर्णय गर्छ भनेर सवैको न्यायाधीश वने दिपक । उनै दिपक घरदैलोमा मतदाता सँग कुराले भन्दा पनि काम गरेर देखाउँछु भन्दै मत बटुल्दै हिंडेका छन् ।

पोखरा वडा नं १३ बाँझापाटन निवासी दिपक गुरुङ माइला कास्की जिल्ला क्षेत्र नं १ 'ख' मा प्रदेश सभाको लोकतान्त्रिक बाम गठबन्धनका साझा उम्मेदावर हुन् । उम्मेदवार गुरुङ आफ्नो क्षेत्रमा मुसुक्क हाँस्दै मत माग्दै हिडेका छन् । युवाको जोश र ऊर्जालाई विकास निर्माणको कार्यमा सदुपयोग गर्न विशेष कदम चाल्ने प्रदेश सभा सदस्यमा पदमा उठेका उम्मेदवार माइला वताउँछन् । आफ्नो क्षेत्रमा विशेष गरी कृषियोग्य जमिन बाँझो रहनुको साथै गास वास कपासमा परनिर्भरता बढ्नाले युवा विदेशीन वाध्य भएको भन्दै ती सवै समस्यालाई सुल्झाउन लागि आँफु तयार रहेको चुनावी प्रचार अभियानमा बताउँदै हिडेका छन् माइला ।

वास्तवमा परिवर्तनका खम्बा युवाशक्तिलाई कुलत र कुसंस्कारबाट जोगाउँदै वडा विकासमा समाहित गर्न सकेमात्र हामीले खोजेजस्तो परिवर्तन गर्न सकिनेमा माइला विश्वस्त छन् । भविश्यप्रतिको आशाबोध जगाएर मात्र युवाहरूलाई राजनीतिमा तान्न सकिने हुँदा आगमी दिनमा ठोस कदम चाल्नेमा प्रतिवद्धता रहेको माइलाले भने । कास्की क्षेत्र नं १ को ख पोखरा १० रामबजार पुग्दा तिनै फुर्तिला युवा निकै उत्साहका साथ घरदैलोमा थिए । उनलाई साथ दिन करिब उस्तै उमेरका युवाहरू लामवद्ध भएका थिए र उमेर पुगिसकेका अग्रजहरुले पनि ती युवाका लागि मत मागिरहेका थिए ।

केही दिन यतादेखी चुनावी घरदैलोमा व्यस्त गुरुङले पर्यटकीय गाउँ सिक्लेस, ताङतिङ सहित याङजाकोट लगायत मादी गाउँपालिकामा घरदैलो सकिसकेका छन । मादी गाउँपालिकाका १२ वटा वडा र पोखरा महानगरपालिकाका पाँचवटा वडा यस क्षेत्रमा पर्दछन् । नेपाली कांग्रेसमा विद्यार्थीकालीन राजनीतिबाट प्रवेश गरी तरुण दल हुँदै हाल पार्टीको महासमिति सदस्य, महाधिवेशन प्रतिनिधी रहेका गुरुङ सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । सायौलाइ सहयोगी हात फैलाएका विषय सदैव गोप्य राख्न सफल गुरुङको अझ इमान्दारीताको पगरी हो । गुरुङले मुख्य रुपमा राखेका योजनाहरु क्रमश पर्यटन पूर्वाधार र रोजगारी, शिक्षा र स्वासथ्य , कृषि, खानेपानी र सिंचाई, उर्जा तथा जलश्रोत, युवा तथा खेलकुद र महिला तथा बालबालिकाको क्षेत्र हुन् ।

गुरुङ ठिटो जन्म भएको पनि ४१ वर्ष भएछ । गुरुङको राजनीति पृथ्वीनारायण क्याम्पसमा पढ्दा २०५६ सालबाट नेपाल विद्यार्थीसंघ मार्फत सुरु गरेका थिए । नेपाल विद्यार्थी संघ, तरुण दल हुँदै उनी अहिले पार्टीमा महाधिवेशन प्रतिनिधी, महासमिति सदस्य समेत छन । मादी क्षेत्रमा प्रख्यात र लोकप्रिय खेल बास्केटबलको विकास उनकै पहलकदमीमा सुरु भएको हो । २०५४ सालमा दीपकले नै याङ्जाकोट, ताङतिङ, सिक्लेस, चिप्ली लगायतका ठाउँमा २०५४ सालमा मार्ले नामक बास्केटबल टिम स्थापना गरे । पोखरा १३ मा हरेक वर्ष विजयदशमीको अवसरमा हुने सवै भन्दो ठुलो सांगीतिक कार्यक्रम कालरात्रीका सुरुवाकर्ता हुन गुरुङ । उनै गुरुङ सामाजिक भावनामा ओतप्रोत, विकासप्रेमी, खेलकुदप्रेमी हुँदै शिक्षा क्षेत्रमा समेत हालै भद्रकाली बहुमुखी क्याम्पसको संचालक समितिका सदस्य बने ।

# 'सडक पूर्वाधार समृद्धिको आधार'–एमाले नेत्री विद्या भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक




कास्की निर्वाचन क्षेत्र नं. २ बाट नेकपा एमालेका प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले सडक पूर्वाधार समृद्धिको आधार भएको बताएकी छन् ।

मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि पोखरा महानगरपालिका वडा नं. २० का मतदातासँग मत माग्न घरदैलोमा पुगेकी उनले उक्त क्षेत्रका अधुरा काम पुरा गर्न आफु सारथि बन्ने प्रतिवद्धता व्यक्त गरिन् । पोखरा महानगरमा थपिएका नयाँ वडाहरुको सडक निर्माण पहिलो आवश्यकता भएको बताउँदै उनले यस्ता वडाहरुको समग्र विकासका लागि महागरसंगै संघ र प्रदेश सरकारको ध्यान पुग्नुपर्नेमा जोड दिईन् ।

निवर्तमान प्रतिनिधि सभा सदस्य समेत रहेकी भट्टराईले पोखरा ढाँडवेसी, वयरघारी, लामडाडा, मौजा ग्रामीण सडक स्तरोन्नतसँगै झण्डै साढे एक किलोमिटर बाटो ढलान समेत गरिएको बताउँदै उनले भनिन्-'बांकी रहेको काम सम्पन्न गर्ने जिम्मेवारी मलाई दिनुहोस ।'

हिमश्रृखलाको मनोरम दृश्यसंगै सुन्दर गाउँ मौजा आँटीघरमा रहेको होमस्टेको प्रवर्द्धनको लागि सडक सञ्जाल पहिलो आवश्यकता भएको उनको भनाई छ । भट्टराईले सडक यातायातले उक्त क्षेत्रमा उत्पादित कृषि उपजको बजारीकरणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरिन् । निर्वाचन क्षेत्र नं. २ (क) का उम्मेदवार मिना गुरुङले दिगो विकास लक्ष्य प्राप्तिका लागि आफ्नो उम्मेदवारी भएको स्पष्ट पारेकी छन् । नेकपा एमालेको समृद्ध नेपाल, सुखी नेपाली अभियानलाई सार्थक बनाउनु वर्तमानको आवश्यकता भएकोमा उनको जोड छ ।

नेकपा एमाले वडा कमिटि २० का अध्यक्ष त्रिलोचन गौतमको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सदस्य भिमप्रसाद बास्तोला, मनवुजा विश्वकर्मा, महानगर सचिव जिवन आचार्य, स्थानीय सरोज गुरुङ, भिम गुरुङ, शंकर गौतम, दुर्गाबहादुर गुरुङ लगायतले निर्वाचनमा केन्द्रीत हुनु पर्नेमा जोड दिंदै कुनै पनि लोभलालचमा नलागि मतदान गर्न मतदातालाई आग्रह गरेका थिए ।

# पोखरा विमानस्थलको ३ हजार मिटरको रनवे बनाउने अभियानमा पहल गर्छु: उमेदवार बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

पाँच दलीय गठबन्धनका साझा उमेदवार कास्की निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधि सभाका प्रत्यासी रामजी प्रसाद बराल जीवनले पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थलको ३ हजार मिटरको रनवे बनाउने अभियानमा पहल गर्ने बताएका छन् ।

विहिबार पोखरामा आयोजित पर्यटन व्यवसायीहरु बिचको छलफल कार्यक्रममा वोल्दै उमेदवार बरालले गण्डकीप्रदेश र प्रदेशको राजधानि पोखरा क्षेत्रको बृहत विकासको लागि कम्तिमा पनि हालै निर्माण भएको विमानस्थलमा ३ हजार मिटरको रनवे आवश्यक हुने भएकोले त्यसको लागि आवश्यक पहल गर्ने बताएका हुन्।

पर्यटन तथा केही व्यवसायीहरुले पोखरामा नयाँ विमानस्थल निर्माण भएपछि पर्यटनको प्रबर्द्धन हुने विश्वासका साथ ठुलो लगानी गरे पनि हाल निर्माण भएको विमानस्थलबाट धेरै विदेशी पर्यटकहरु भित्राउन नसकिने बताए पछि गण्डकी प्रदेशका अर्थ मन्त्री समेत रहेका उमेदवार बरालले स्थानियको माग अनुसार रनवे विस्तार गर्ने प्रकृयामा सबैको साथ सहयोगको अपेक्षा भएको बताए । पोखरा विमानस्थलमा हालै निर्माण भएको २ हजार ५ सय मिटरको रनवेका आधारमा करिब ७५ सिटे हवाई जहाज आउने भएकोले कम्तिमा पनि २ सय सिट क्षमताको विमान तेश्रो मुलुक देखि आउने वातावरण निर्माण गर्न सके मात्र पोखरा क्षेत्रको बृहत रुपमा पर्यटनको विकास हुने नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले बताए । फरक प्रशंगमा उमेदवार बरालले आजको एक नम्बरको समस्या भनेको काठमाण्डौं केन्द्रित एकात्मक सोच भएको दाबी गरे । त्यसलाई भत्काउन जरुरी भएको उमेदवार बरालले बताए । पहिलो कार्यकालमै एकात्मक सोच भत्काउन जरुरी भएको उल्लेख गर्दै उमेदवार बरालले पहिलो कार्यकालमै एकात्मक बादी र आफ्नो गुटको मात्र हित हुनसोच भएको नेतृत्व भएको कारण परिवर्तन गर्न नसकिएको उनको दाबी छ । संघ सरकारले प्रदेशलाई दिनुपर्ने अधिकार आनाकाना गर्ने गरेको उनले गुनासो गरे । संविधानमा उल्लेख भएका कुरा संघ सरकारले लागु गर्न हानाकानी गर्दा प्रदेश सरकारहरु कमजोर अबस्थामा पुग्न थालेको उनको भनाई थियो ।

पर्यटनको विकासको लागि पहिलो आधार पूर्वाधार भएको बताएका उमेदवार बरालले पूर्वाधार व्यबस्थित ढंगले हुनु पर्नेमा अराजक ढंगले भएको जनाए । पर्यटन व्यवसायीहरुको हाल परेको पिर मर्काको बिषयमा छलफल गरी त्यसको निकास निकाल्नु पर्ने उमेदवार बरालले बताए । कार्यक्रममा गठबन्धनका साझा उमेदवार कास्की ३(२) का प्रदेश सभा सदस्यका प्रत्यासी प्रकाश बरालले पोखरा क्षेत्रमा सहासिक खेल पर्यटनको निकै सम्भावना भएकोले त्यसको प्रबर्द्धन गर्न सके यहाँको आर्थिक विकास हुने दाबी गरे । हिमाल आरोहण, क्यानोनिङ, कायकिङ, प्याराग्लाईडिङ, र्‍याफ्टिङ लगायतको सहासिक खेलबाट धेरै पर्यटन भित्राउन सकिने उनले जनाए । कास्की २(२) का प्रदेश सभा सदस्यका प्रत्यासी विश्वप्रकाश लामिछानेले रामसार सुचिमा सूचिकृत भएका पोखराका तालहरुलाई विश्व सम्पदा सूचिमा सूचिकृत गरी बृहत विकास गर्नु पर्ने बताए । पर्यटन व्यवसायी टिकाराम सापकोटा, होटल संघका अध्यक्ष लक्ष्मण सुवेदी, कागेंसका केन्द्रिय सदस्य एवं समितिका संयोजक गणेश भट्टराईले बैंक तथा विक्तिय क्षेत्रबाट हाल व्यवसायीहरु चर्को व्याजको मागमा परेको गुनासो गर्दै गठबधन सरकारले त्यसको निकास दिन माग गरे । नेपाली कागेंस प्रचार प्रसार पर्यटन उपसमितिले विहिबार पोखरामा आयोजना गरेको छलफल कार्यक्रममा प्रदेश सभाको समानुपातिक उमेदवार सरस्वती गुरुङ, कास्की ३(२) माओबादी केन्द्रका प्रचार संयोजक त्रिभुवन पौडेल, कास्की ३(२) कागेंसका प्रचार संयोजक राजबहादुर गुरुङ, महिला पर्यटन व्यवसायी संघका उपाध्यक्ष कमला गिरी, समितिका सदस्य संजय सिग्देल, सोम थापा लगायतले वोलेका थिए ।

# विकास र समृद्धिलाई भोटसँग जोड्न हुँदैन – बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक



पाँच दलीय गठबन्धनको तर्फबाट कास्की क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य उम्मेदबार किशोरदत्त बरालले विकास र समृद्धि देशको आवश्यकता भएको बताउनु भएको छ ।

देशको अत्यावश्यक विषय विकास र समृद्धि जस्तो महत्वपूर्ण विषयलाई भोट र निर्वाचनसँग जोड्न नहुने उहाँको भनाइ छ ।

उहाँले समाजका लागि आवश्यक विकासप्रति आफू सम्वेदनशील रहेको बताउनुभयो । सबै विकास एकै पटक सम्भव नहुने भन्दै प्राथमिकताको आधारमा गर्नुपर्नेमा जोड दिनुभयो । बिहीबार पोखरा ३० मा मतदातासँग भेटघाट गर्दै उहाँले शिक्षा, स्वास्थ्य र रोजगारीलाई काँग्रेसले प्राथमिकता दिएको उल्लेख गर्नुभयो । कास्की काँग्रेसका सभापति समेत रहनु भएका उम्मेदबार बरालले सांसद बनेपछि पाँच वर्ष कुनै गुनासो नआउने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

'सांसदमा निर्वाचित गर्ने जिम्मा तपाईहरुको उहाँले भन्नुभयो – त्यसपछि गुनासो नआउने गरी काम गर्ने जिम्मा मेरो भयो ।' उहाँले राजनीतिलाई समाज सेवाका रुपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । गठबन्धनको पक्षमा जनलहर देखिएको भन्दै उहाँले कुनै शक्तिले गठबन्धनलाई हल्लाउन नसक्ने जिकिर गर्नुभयो ।

# चुनावपछि पनि गठबन्धनकै सरकार: महासचिव गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, २४ कार्तिक

नेकपा (माओवादी केन्द्र)का महासचिव एवं लमजुङ प्रतिनिधिसभा सदस्य उम्मेदवार देवप्रसाद गुरुङलेचुनावपछिपनि गठबन्धनकै सरकार बन्ने दाबी गर्नुभएको छ ।

लमजुङ दूधपोखरी गाउँपालिका-६ गौंडामा आयोजित चुनावी सभालाई आज सम्बोधन गर्नुहुँदै उहाँले मुलुकको आवश्यकता र विकासका लागि गठबन्धनको सरकारले निरन्तरता पाउनुपर्ने बताउनुभयो । प्रतिगामीलाई परास्त गर्दै विकासका लागि गठबन्धनले जित्नुपर्ने उहाँको भनाइ छ।"प्रदेशदेखिसङ्घसम्मै गठबन्धनकै सरकार कायम रहन्छ । कुनै शङ्का नगरी गठबन्धनलाई सबैले सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन् जो भाग्यलाई फुकाउँछन् र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

**सम्पादकीय**

# मतदाताको रोजाईको अधिकार

सर्वोच्च अदालतले 'नो नट अगेन' अभियानलाई कारबाही अघि बढाउने भनि निर्वाचन आयोगले गरेको निर्णयलाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीशहरू सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले बिहीबार यसअघिको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ । उम्मेदवारहरू विरुद्ध लाञ्छनायुक्त अभिव्यक्ति दिएको भन्दै आयोगले त्यससम्बन्धी फेसबुक पेज र ग्रुप बन्द गर्न निर्देशन दिएको थियो । त्यस विरुद्ध अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता अनिल आचार्यले सर्वोच्चमा रिट दायर गरेका थिए । राजनीतिक दलका बृद्ध नेताहरूले पार्टीको नेतृत्व नछाडेपछि नो नट अगेन अभियान चलेको छापुर्व प्रधानमन्त्री र पार्टीको शिर्ष नेतृत्वमा रहेकाहरुले देश विकास र जनताको जीवनस्तर उकास्न काम गर्न नसकेको गुनासो छ ।

गठबन्धनको नाममा भागशान्ति जय नेपाल गर्दै आएका छन । सधैं सरकारमा बसेर देश विकास गर्न नसक्ने र गर्न नदिनेप्रति जनताको विरोध छ । त्यसैलाई समातेर नो नट अगेन अभियान चलाइएको छ । सामाजिक संजालमा थालिएको अभियान चरित्र हत्या गर्ने तहमा भरेको नेताहरूले गुनासो गरेका थिए । नेताहरूको गुनासो पछि निर्वाचन आयोगले आचारसंहिता विपरीत ठानेर कार्वाही तहमा पुगेको थियो । निर्वाचन आयोगले कार्यक्षेत्र भुल्न खोज्दा नागरिक तहमा ठूला दलका शिर्ष नेता तारोमा परेका छन । नेताहरूलाई राहत मिल्ने गरि आयोगले गरेको व्यवहारबाट रुष्ट सर्वोच्च गुहार माग्न पुगेका हुन । यश अघि सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले 'नो नट अगेन' अभियानलाई अवरोध नगर्न सरकारको नाममा अल्पकालीन आदेश जारी गरेको थियो । अल्पकालीन अन्तरिम आदेश जारी गरेको रिटमा सर्वोच्च उत्प्रेष आदेश जारी गर्ने नगर्ने कुराको टुंगोका लागि सरकारसँग १५ दिनभित्र जवाफ माग गरेको छ ।

'यसमा निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सम्बन्धमा विचार गर्दा, सो सम्बन्धमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा छलफल गर्ने प्रयोजनका लागि मिति २०७९।७।२४ गते दुवै पक्षलाई बोलाएको थियो । आयोगले गत कात्तिक ८ गते निर्वाचन आयोगबाट जारी भएको प्रेस विज्ञप्तिमा उल्लिखित फेसबुक ग्रुपहरुलाई विद्युतिय इलेक्ट्रोनिक कारोवार ऐन, २०६३ को दफा ४७, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २३(१) बमोजिमको कुनै कारवाही नगर्न पनि भनेको छ । सर्वोच्चले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उभ्याएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले चरित्र हत्या हुनेगरी निर्वाचनको प्रचार नगर्न उम्मेदवारहरुलाई सचेत गराएको जिकिर गरेका छन ।

'नो नट अगेन' भने पनि हुने तर गालीगलौजको भाषामा अर्को उम्मेदवारको चरित्र हत्या गर्ने काम नगर्न सबै उम्मेदवार हरुलाई पुनः सचेत गराएका छन । निर्वाचनलाई द्वेषपूर्ण, घृणास्पद अभिव्यक्ति दिएर दुषित नपार्न भन्दै आयोगले स्पष्टिकरण सोधेको छ । निर्वाचनमा गालीगलौजको भाषा प्रयोग मान्य हुन सक्दैन । सभ्य भाषामा बृद्ध, केही गर्ने क्षमता नभएका र सधैं मिलिजुली खान पल्केकालाई नो नट अगेन भन्न पाउने मतदाताको अधिकार हो । नागरिकको अभिव्यक्ति स्वतन्त्रता विरुद्ध जाने छुट आयोगलाई पनि छैन । आयोगले आचारसंहिता उल्लंघन गर्ने नेता, दल र उमेदवारलाई कार्वाही गर्न सकेमा निर्वाचन आयोगलाई जनताले साथ दिनेछन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# समृद्धिको अभियानमा जुट्ने वाचा

पोखरापत्र संवाददाता

पोखरा, २४ कार्तिक

चुनावीमा माहोलले अहिले बजार तातेको छ । निर्वाचन नजिकिदै गर्दा विभिन्न राजनैतिक पार्टीका उम्मेदवारहरु प्रचारप्रसारमा जुटिरहेका छन् ।

यस्तै कास्की क्षेत्र नं १ (ख) बाट नेकपा एमालेबाट प्रदेशसभा सदस्यका उम्मेद्वार वेद वहादुर गुरुङ 'श्याम' पनि यतिबेला मतदातासँगको भेटघाटमा व्यस्त छन् । उनी कास्की क्षेत्र नं १ (ख) अन्तर्गतका विभिन्न वडाहरुमा एमालेका पक्षमा मत मागिरहेका छन् । उनले बिहिबार पोखरा १२ र १३ का विभिन्न टोलहरुमा पुगेर मतदाता भेटेका छन् ।

घरदैलो कार्यक्रममा गुरुङले नीति निर्माणसँगै समृद्धिको अभियानमा जुट्ने वाचा गरे। देशलाई समृद्ध बनाउने र उक्त समृद्धिका आधारमा जनतालाई सुखी बनाउने अभिप्राय रहेको बताए । मतदातासंग भेटघाटको क्रममा बोल्दै उनले कृषिको व्यावसायीकरण र आधुनिकरण गरि उत्पादन वृद्धि र त्यसको सहि बजारीकरण गर्ने, स्थानिय बजारको व्यवस्थापन गरि स्थानिय पुंजीको विकास गर्दै उच्च गतिमा आर्थिक विकास मार्फत समृद्द नेपाल र सुखी नेपाली बनाउने प्रतिवद्धता जनाए। त्यस्तै स्वदेशमै रोजगारी सृजना गर्ने वातावरण निर्माण गर्न आफ्नो उम्मेद्वारी रहेको गुरुङको भनाई छ । 'व्यवस्था बदल्यौं अब देशको अवस्था फेर्न सुयं चिन्हमा मतदान गर्नु होला । तपाईको भोट खेर जाने छैन ।' गुरुङले भने, 'अबको हाम्रो संघर्ष अनि लक्ष्य भनेको सुशासन, समृद्धि र विकास हो । यसमा तपाईहरुको साथ खाँचो छ । मलाई एकपटक चुनेर पठाउनु होला ।' उनले निर्वाचन क्षेत्रका हरेक समस्या अवगत रहेको बताउँदै निर्वाचित भएपछि कुनै पनि विकास निर्माणका काममा ढिलाइ नगर्ने कुरा बताए ।

उनले आफु मालिक नभई जनताको सेवक भएर काम गर्ने बताए । त्यस्तै सडक संजाल विकासको पूर्वाधार रहेकोले सडकहरुको स्तरोन्नती जोड दिने कुरा बताए । 'मादी गाउँपालिकाको केन्द्र याङजाकोट जोड्नेबाटो, पोखरा देखि सिक्लेस, मिजुरे, ताङतिङ, लिप्यानी, भाचोक, वार्चोक, माझठाना, अर्वा र विजयपुर जोड्ने सडकलाई पिच बनाउने छु ।' गुरुङले भने,' पोखराका केहि वडाहरुको खाल्डा खुल्डी परेका र धुलाम्मे सडकहरुको स्तरोन्नती गर्नेछु ' गुरुङले आफू मादी गाउँपालिकाको अध्यक्ष हुँदा सडक संजाल विस्तार गरेको दाबी गरे । जनताको दैलोमा पुग्दा पाएको समर्थनले पनि आफुले निर्वाचन जितिसकेको दाबी समेत गरेका छन् ।

नेकपा एमालेले कास्की क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा तर्फ जिल्ला अध्यक्ष मन बहादुर गुरुङ, प्रदेश क तर्फ खगराज अधिकारी र ख तर्फ वेद बहादुर गुरुङ श्यामलाई उठाएका छन् । नेकपा एमाले कास्की १ ले निर्वाचन केन्द्रित रहेर उम्मेदवार भेटघाट कार्यक्रमलाई तीव्रता दिइरहेको छ ।

# चुनावमा खटाएको ठाउँमा नजाने कर्मचारीलाई कारबाही हुने

पोखरापत्र संवाददाता

बागलुङ, २४ कार्तिक

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुनावमा खटाइएको मतदान केन्द्रमा नजाने कर्मचारीलाई विभागी कारबाही हुने भएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक सूचनामार्फत चुनावका लागि खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई अनिवार्य रुपमा खटाइएको ठाँउमा जान अनुरोध गरेको छ । आफू खटिएको मतदान केन्द्रमा नजाने कर्मचारीलाई विभागीय कारबाही गरिने कार्यालयले जनाएको छ । जिल्लाभर रहेको दुई सय ३१ मतदान केन्द्रमा एक हजार आठ सय ५७ कर्मचारी र नौ सय ३० स्वयंसेवक खटिने भएका छन् ।

सङ्घतर्फ दुई निर्वाचन क्षेत्र रहेको यस जिल्लामा कूल एक लाख ९२ हजार दुई सय २६ मतदाता रहेका छन् । १ नं क्षेत्रमा ९६ हजार छ सय ६५ र २ नं क्षेत्रमा ९५ हजार पाँच सय ६१ मतदाता छन् ।


प्रदेश सरकार

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/२२

यस कार्यालयबाट मिति २०६७/०६/१२ मा कास्की जिल्ला पोखरा ०६ मा संचालन गर्ने गरी उर्लाबारी ०५ मोरङ निवासी नगेश्वर सिटौलाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ७२६१/०६७/०६८ को ह्याण्डसम पार्लर नामक फर्मका प्रोपराईटर श्री नगेश्वर सिटौलाले मिति २०७९/०७/२२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**


# डायलासिस सेवा अस्पतालको स्वामित्वमा आयो

पोखरापत्र संवाददाता

तनहुँ, २४ कार्तिक

शत्रुघ्न मञ्जु डायलासिस उपचार केन्द्र दमौली अस्पतालको स्वामित्वमा आएको छ ।

राष्ट्रिय मिर्गौला उपचार केन्द्रद्वारा दमौली अस्पताललाई डायलासिस सेवाको स्वामित्व हस्तान्तरण गरिएको हो । राष्ट्रिय मिर्गौला उपचार केन्द्रले शाखाका रुपमा दमौली अस्पतालमा नै सञ्चालित डायलासिस सेवा प्रवाहको स्वामित्व हस्तान्तरण गरेको हो । केन्द्रका कार्यकारी निर्देशक डा ऋषिकुमार काफ्लेले अस्पतालका अध्यक्ष देवेन्द्र थापालाई स्वामित्व हस्तान्तरण गर्नुभएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गण्डकी प्रदेशका सचिव डा विश्वबन्धु बगाले, राष्ट्रिय मिर्गौला उपचार केन्द्रका कार्यकारी उपनिर्देशक तोयानाथ दवाडी, प्रशासन प्रमुख सुमन राउत, सिनियर मेडिकल अफिसर डा कमला थापा लगायतको टोलीले एक कार्यक्रमका बीच दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापा र अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा दिवस ढकाललाई डायलासिस सेवा हस्तान्तरण गरिएको हो । केन्द्रले उपकरण, कर्मचारीसहित डायलासिस सेन्टर अस्पताललाई हस्तान्तरण गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गण्डकी प्रदेशका सचिव डा बगालेले जिल्ला अस्पताललाई १५ शय्याबाट वृद्धि गरी मइसिसम्ममा ५० शय्याको बनाउने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "१५ शय्या भनेको नगर अस्पताल जस्तो भयो । प्रदेशको अस्पताल सकेसम्म एक सय शय्याको नभए पनि ५० शय्याको बनाउनुपर्छ । यसलाई मइसिरभित्र ५० शय्याको बनाउनेछौँ ।" डायलासिस तालिम केन्द्र दमौली अस्पताललाई बनाउनुपर्नेमा उहाँको जोड थियो। "हाम्रो प्रदेशको आवश्यकतामा पर्दछ। त्यो व्यवस्था गर्नेछौँ । राष्ट्रिय मिर्गौला केन्द्रको सहकार्यमा तालिम केन्द्र बनाउनुपर्छ र तालिम सञ्चालन गर्नुपर्छ", डा बगालेले भन्नुभयो । कार्यक्रममा अस्पताल व्यवस्थापन समिति अध्यक्ष थापाले दमौली अस्पताल पोखरा पछि सबैभन्दा धेरै बिरामी आउने अस्पताल भएकाले विशिष्टीकृत सेवा प्रदान गर्न तत्काले क्षमता विस्तार गर्नुपर्ने बताउनुभयो । अस्पतालको विस्तारका लागि गण्डकी प्रदेशको राजधानी पोखरा पछि दोस्रो बढी जनघनत्व रहेको तनहुँमा नगर अस्पतालको जत्तिकै शय्या रहेकाले वृद्धि गर्न उहाँले सहयोगको माग गर्नुभयो । प्रदेशको पोखरा पछि तनहुँमा बिरामीको चाप बढी रहेको उहाँले जानकारी गराउनुभयो ।

उक्त डायलासिस केन्द्रमा विसं २०७२ मङ्सिर २ गतेदेखि रु एक करोड २५ लाखको लागतमा दमौली अस्पतालमा सञ्चालनमा ल्याइएको हो । हाल डायलासिस केन्द्रमा ५७ जना बिरामी उपचाररत रहेको शत्रुघ्न मञ्जु डायलासिस उपचार केन्द्रका प्रशासन प्रमुख शैलेन्द्र पण्डितले जानकारी दिनुभयो ।

उहाँका अनुसार मिर्गौलाका बिरामीलाई विसं २०७२ देखि विसं २०७९ कात्तिक २१ गतेसम्म दुई सय २८ जनाको ४२ हजार पाँच सय ८९ पटक डायलासिस गरिएको छ । अस्पतालमा ७० मिर्गौलाका बिरामी डायलासिस पालोको पर्खाइमा रहेको पण्डितले बताउनुभयो । दमौली अस्पतालमा डायलासिस उपचार केन्द्र सञ्चालनले तनहुँलगायत लमजुङ, गोर्खा, कास्की जिल्लाका मिर्गौलाका बिरामीलाई डायलासिसका लागि सहज भएको छ ।

# सुन्तला उत्पादन घट्दा किसान चिन्तित

पोखरापत्र संवाददाता

तनहुँ, २४ कार्तिक

जिल्लाको सुन्तला पकेट क्षेत्रका रुपमा परिचित म्याग्दे गाउँपालिका-२ स्थित उमाचोकमा यस वर्ष सुन्तला उत्पादनमा कमी आएको छ ।

अत्यधिक वर्षा र असिनाका कारण बगैँचामा लगाएको सुन्तला कुहिने र झर्ने समस्याले गर्दा उत्पादन घटेको हो । गत वर्ष यो गाउँबाट रु दुई करोडको सुन्तला बिक्री गरेर पनि यस वर्ष उत्पादन घट्ने अनुमान गरिएको कृषक विश्वबहादुर अधिकारीले बताउनुभयो । उहाँले गत वर्ष रु ५५ लाखको सुन्तला बिक्री गरेको र यस वर्ष ५० प्रतिशत पनि सुन्तला बिक्री गर्न नसकिएको बताउनुभयो ।

यस वर्ष बोटमा सुन्तलाको दाना राम्रोसँग नलागेपछि किसान निराश भएका हुन् । सुन्तला पाक्ने सिजनमा बगैँचामा लटरम्म फल्ने गरे पनि यसपटक भने उत्पादनमा आधा कमी आएको किसान निर्मल अधिकारीले जानकारी दिनुभयो । उहाँले गत वर्ष रु ३० लाखको सुन्तला बिक्री गर्नुभएको थियो । उहाँले भन्नुभयो, "यसपटक छ/सात लाखको पनि कारोवार गर्न नसक्ने देखिएको छ ।" यसपटक पानीले गर्दा सुन्तलाको उत्पादन राम्रो नभएका कारण त्यसक्षेत्रका किसान चिन्तित भएको उहाँले बताउनुभयो । उमाचोकमा करिब ४० जना कृषकले सुन्तलाखेती गर्दै आएका छन् । केही कृषकले सुन्तला बिक्री गरेको र केही किसानको सुन्तला नपाकेका कारण बगैँचामै रहेको किसानहरु बताउँछन् । गतवर्ष त्यस क्षेत्रका प्रत्येक कृषकले पाँचदेखि ८५ लाख रुपैयाँसम्म आम्दानी गरेका थिए । यस वर्षको सुन्तला उत्पादनले उनीहरुमा निरासा छाएको बताएको छ ।


प्रदेश सरकार

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/२४

यस कार्यालयबाट मिति २०७८/०५/३१ मा कास्की जिल्ला पोखरा ३० मा संचालन गर्ने गरी मादी ०९ कास्की निवासी कुल प्रसाद गुरुङको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. २१११७/०७८/०७९ को माछापुच्छ्रे पशुपंक्षी तथा कृषि फर्म नामक फर्मका प्रोपराईटर श्री कुल प्रसाद गुरुङले मिति २०७९/०७/२४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**



**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकको कार्यालय**

**स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना रद्ध गरिएको सम्बन्धमा**

**(सूचना प्रकाशित मितिः २०७९/०६/११)**

**यस कार्यालयबाट मिति २०७९/०६/३१ मा बोलपत्र आह्वान गरिएको ठेक्का न. 01/PM/NCB/WORKS/079/80, स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा न ११ सुम्रेखोला बगैचा हुदैं पुलको मुखसम्म सडक स्तरोन्नति कार्यको सूचना यस कार्यालयको मिति २०७९/०७/२४ को निर्णय अनुसार रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**गणेश प्रसाद अर्याल**

**प्रमुख प्रशासकीय अधिकृत**

# युआरएल पुरस्कारका लागि छनोट समिति

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

युआरएल पत्रकारिता पुरस्कार २०७९ प्रदानका लागि प्रतिभा छनोट गर्न समिति गठन भएको छ।

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)का अध्यक्ष ठाकुरप्रसाद पन्तले संस्थाको आग्रह स्वीकार गरी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल समितिको संयोजक बनेको जानकारी दिए।

३ सदस्यीय समितिका बाँकी २ सदस्य संयोजकले नै मनोनयन गर्ने कार्यविधि छ। समितिमा एक चिकित्सक र अर्का एक सदस्य नागरिक अधिकारकर्मीबाट रहनेछन् । युआरएलले स्थापना तथा सञ्चालन गर्दै आएको यो पुरस्कारको राशि नगद २० हजार र ताम्रपत्र छ । आगामी मंसिर २३ हुने हुने युआरएलको नवौं वार्षिकोत्सव समारोहमा पुरस्कार प्रदान गरिने युआरएलका प्रबन्ध निर्देशक गणेश कोइरालाले बताए । यो पुरस्कार कम्तीमा ५ वर्षदेखि गण्डकी प्रदेशमा रही स्वास्थ्य बिटमा पत्रकारिता गर्नेलाई प्रदान गर्ने गरिएको छ।

यसअघि यो पुरस्कारबाट ऋषि खतिवडा, यदुनाथ बञ्जारा, सुरेन्द्र पौडेल, प्रदीप पौडेल र हरि बास्तोला सम्मानित भइसकेका छन् । पोखराको सभागृहमा केन्द्रीय कार्यालय रहेको युआरएलले पोखरासहित गण्डकीका विभिन्न जिल्लामा ११ शाखा र ३ सेवा केन्द्रबाट सेवा दिइरहेको छ। युआरएलले सामाजिक उत्तरदायित्व वहन गर्दै अहिलेसम्म विभिन्न संघ, संस्थासँग सहकार्य गरी १२९ शिविरमार्फत सबा लाखभन्दा बढीलाई सित्तैमा सेवा दिएको छ।

# बेनी–जोमसोम–कोरला सडकको तीन खण्ड अलपत्र

पोखरापत्र संवाददाता
म्याग्दी, २४ कार्तिक

म्याग्दी, मुस्ताङ र पर्वतमा निर्माणाधीन बेनी-जोमसोम-कोरला सडक आयोजनाको तीन वटा खण्ड अलपत्र परेको छ।

राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत उत्तरदक्षिण जोड्ने कालीगण्डकी करिडोर नजिक चीनको स्वशासित क्षेत्र तिब्बत्सँग सिमानामा रहेको कोरला नाका जोड्ने सडक अलपत्र पार्ने निर्माण कम्पनीसँग ठेक्का तोड्नका लागि प्रक्रिया अघि बढाइएको आयोजनाले जनाएको छ । आयोजना प्रमुख जगत प्रजापतिले खन्ति-जोमसोम, जोमसोम-कागबेनी र चराङ-छोसेर खण्डमा सडक निर्माणको जिम्मा लिएका कम्पनीसँगको ठेक्का तोड्न यही कात्तिक २२ गते पहिलो पटक सार्वजनिक सूचना जारी गरिएको बताउनुभयो। "पटक-पटक ताकेता गरेपनि निर्माणको काम अघि नबढाएकाले ठेक्का तोड्न प्रक्रिया थालेका हौँ, दोस्रो पटक पनि सूचना जारी गर्छौं," उहाँले भन्नुभयो "कार्ययोजनासहित सम्पर्कमा नआए ठोक्का तोडेर, कालोसूचीमा राख्ने र नयाँ प्रर्क्रियाबाट निर्माण अघि बढाउँछौं।" चराङ-छोसेर र कोवाङ-जोमसोम सडक निर्माण गर्न कोसी एण्ड न्यौपाने जेभीले ठेक्का पाएको थियो । विसं २०७३ असोजमा करसहित रु २६ करोड मा ठेक्का सम्झौता भएको २५ किलोमिटर दूरीको चराङ-छोसेर सडक ११ मिटर फराकिलो पारेर पर्खाल, नाली र ग्राभेल गर्ने काम विसं २०७५ पुसमा सकिनुपर्ने थियो। यो खण्डमा विसं २०७६ देखि ठेकेदारले काम गरेका छैनन्। रु १७ करोड भुक्तानी लगेको र रु नौ करोड बराबरको काम गर्न बाँकी यो सडकको भौतिक प्रगति ६५ प्रतिशत छ। अठार किलोमिटर दूरीको खन्ति-जोमसोमखण्ड कालोपत्र गर्न विसं २०७४ जेठमा रु ६२ करोड दुई लाखमा सम्झौता भएको थियो। विसं २०७६ जेठमा सकिनुपर्नेमा ६० प्रतिशत भौतिक प्रगति भएको यो खण्डमा पनि पछिल्लो तीन वर्षयता अपेक्षाकृत गतिमा काम भएको छैन।

जोमसोम कागबेनी १३ किमी कालोपत्रसडकलगायतसंरचनानिर्माणगर्न आयोजनाले रौटाहा/आत्रेय/सारस जेभी काठमाडौँसँग २०७८ असोज ४ गते रु २८ करोड १४ लाखमा ठेक्का सम्झौता गरेको थियो। विसं २०८० असोज ४ सम्मको म्याद भएको यो सडकमा सम्झौताको एक वर्षसम्म पनि ठेकेदारले काम थालेका छैनन् । जोमसोम कोरला ११० किमी सडकको सात खण्डमध्ये छ वटा खण्डको काम सम्पन्न भई कालीगण्डकी करिडोरलाई हस्तान्तरण भइसकेको छ । बेनी-जोमसोमको चार वटा खण्डमध्ये घाँसादेखि खन्तिसम्मको १२ किलोमिटर सडक कालोपत्र सकिएको छ।

# डेङ्गुका बिरामी बढे

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

देशभर डेङ्गुबाट संक्रमितको संख्या ५१ हजार एक सय ७७ पुगेको छ।

तीन दिनमा नौ सय १४ नयाँ डेङ्गु संक्रमित थपिएसँगै बुधबारसम्म संक्रमितको संख्या ५१ हजार एक सय ७७ पुगेको हो। तीन दिनमा थप दुई जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यससँगै डेङ्गुबाट अहिलेसम्म मृत्यु हुनेको संख्या ५७ पुगेको हो।

सबैभन्दा धेरै वाग्मती प्रदेशमा ३९ हजार छ सय २४ जना डेङ्गुका संक्रमित छन । लुम्बिनी प्रदेशमा चार हजार नौ सय १८, प्रदेश १ मा दुई हजार ८५, गण्डकी प्रदेशमा एक हजार सात सय २१, सुदूरपश्चिम प्रदेशमा आठ सय ९६ र कर्णाली प्रदेशमा छ सय ७६ जना संक्रमित भइसकेका छन्। यस्तै डेङ्गुबाट धेरै संक्रमित भएका १० जिल्लामा काठमाडौँमा १३ हजार सात सय ८७, ललितपुरमा नौ हजार पाँच सय २२, भक्तपुरमा पाँच हजार चार सय ८९, मकवानपुरमा पाँच हजार तीन सय ४७, चितवनमा दुई छ सय २७, दाङमा दुई हजार तीन सय ८८, धादिङमा एक हजार चार सय ११ र रुपन्देहीमा एक हजार एक सय ९५ संक्रमित छन्।

# स्याङ्जामा आठ महिला र छ स्वतन्त्र उम्मेदवारबीच प्रतिस्पर्धामा

–तोलाकान्त बगाले
वालिङ, २४ कार्तिक

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभासदस्यका लागि स्याङ्जाबाट आठ महिला चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।

दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा आठ महिला उम्मेदवारसहित छ स्वतन्त्र उम्मेदवारले निर्वाचन केन्द्रीय गतिविधिलाई तीव्रता दिएका हुन् । प्रतिनिधिसभातर्फ स्याङ्जा क्षेत्र नं १ बाट एक मात्र महिला जनसमाजवादी पार्टी नेपालबाट तीलकुमारी नेपालीको उम्मेदवारी परेको हो। सोही क्षेत्रको प्रदेश 'क' मा भने तीन महिलाको उम्मेदवारी परेको छ।

वामलोकतान्त्रिक गठबन्धनबाट माओवादी केन्द्रकी अमृता थापा, नेकपा एमालेबाट सीताकुमारी सुन्दास र मङ्गोल नेशनल अर्गनाईजेशनबाट तिरथ गुरुङ चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको हो । माओवादी (केन्द्र)की नेत्री थापा २०६४ र २०७० मा समानुपातिकबाट दुई पटक संविधानसभा सदस्य बन्नुभएको थियो । दुई पटक संविधानसभा सदस्य बन्नुभएकी थापा यसपाली भने गठबन्धनबाट गण्डकी प्रदेशका लागि स्याङ्जा १ (क) बाट प्रत्यक्ष निर्वाचनमा होमिनुभएको हो । नेपाली कांग्रेससहित गठबन्धनको साझा उम्मेदवार भएको र यसअघिको प्रदेशसभा सदस्यको निर्वाचनमा यो प्रदेशमा माओवादी केन्द्र विजयी भएकाले थापालाई बलियो उम्मेदवारकोरुपमा हेरिएको छ । त्यस्तै नेकपा (एमाले) बाट यो प्रदेशमा एमाले नेत्री सीताकुमारी सुन्दासको उम्मेदवारी परेको छ। उहाँ यसअघि जिल्ला समन्वय समितिको प्रमुख हुँदै जिल्ला समन्वय महासङ्घको केन्द्रीय अध्यक्ष हुनुभएको थियो । यो प्रदेशमा थापा र सुन्दासबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । विसं २०७४मा यो प्रदेशमा माओवादीका दीपक घर्तीमगर विजयी हुनुभएको थियो। त्यस्तै क्षेत्र नं १ प्रदेश (ख) मा दुई महिलाको उम्मेदवारी परेको छ। मङ्गोल नेशनल अर्गनाईजेशनबाट चिन्तु गुरुङ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट शान्तिकुमारी हमाल रहनुभएको छ । त्यस्तै स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभामा नेकपा एमाले केन्द्रीय सचिव एवं पूर्वमन्त्री पद्माकुमारी अर्याल र राष्ट्रिय जनमुक्ति पार्टीकी रिमीसरा गाहामगरको उम्मेदवारी परेको छ। यो क्षेत्रमा कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ र एमाले सचिव अर्यालबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । गुरुङ यसअघि २०६४ र २०७० मा समानुपातिकबाट दुई पटक संविधानसभा सदस्य बन्नुभएको थियो।

स्याङ्जाको क्षेत्र नं १ (ख), क्षेत्र नं २ को (क) र (ख) गरी तीन वटै प्रदेशमा महिला उम्मेदवार छैनन् ।जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाका लागि छ स्वतन्त्र उम्मेदवार छन् । प्रतिनिधिसभातर्फ स्याङ्जा क्षेत्र नं १ मा लोकबहादुर दमै उम्मेदवार हुनुहुन्छ। सोही क्षेत्रको प्रदेश (क) मा पनि दुर्गादत्त भुसाल स्वतन्त्रबाट चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभाका लागि तीन निर्वाचनको प्रतिस्पर्धामा होमिएका छन् । सागर ढकाल, ढालप्रसाद पाण्डे र चिरञ्जीवी पाण्डे प्रतिस्पर्धी हुनुहुन्छ। क्षेत्र नं २ को प्रदेश (क) मा धनबहादुर गुरुङले स्वतन्त्र उम्मेदवारी दिई चुनाव केन्द्रीत गतिविधिलाई तीव्रता दिनुभएको छ।

जिल्लाका दुई वटै निर्वाचन क्षेत्र र चार वटा प्रदेशमा पुरुष मतदाताभन्दा महिला मतदाताको सङ्ख्या धेरै छ। क्षेत्र नं १ मा पुरुष मतदाताको सङ्ख्या ६२ हजार छ सय ७९ छ भने महिलाको सङ्ख्या ६४ हजार सात सय ३१ छ। क्षेत्र नं १ (क) मा पुरुष मतदाता ३० हजार पाँच सय ५८ छ भने महिला मतदाता ३१ हजार नौ सय ९९ छ। प्रदेश (ख) मा पुरुष मतदाता ३२ हजार एक सय २१ छ भने महिला ३२ हजार सात सय ३२ छ। क्षेत्र नं २ मा पुरुष मतदाता ५६ हजार छ सय ३१ तथा महिला ६० हजार ४७ जना छन्। क्षेत्र नं २ को प्रदेश (क) मा पुरुष मतदाता २६ हजार तीन सय २४ र महिला २७ हजार आठ सय ६७ छन्।

त्यस्तै प्रदेश (ख) मा पुरुष मतदाता ३० हजार तीन सय सात जना र महिला ३२ हजार एक ८० जना छन् ।स्याङ्जा जिल्लामा कूल दुई लाख ४४ हजार ८९ मतदातामध्ये पुरुष एकलाख १९ हजार तीन सय १० र महिला एकलाख २४ हजार सात सय ७८ जना छन्। एकजना अन्य छन् । समग्रमा जिल्लामा पुरुषभन्दा महिला मतदाता पाँच हजार चार सय ६८ बढी छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९८४/०६/०६ गते

स्वर्गारोहणः
वि.स. २०७९/०७/१३ गते

स्वः बलराम पौडेल

हाम्रा प्रात स्मरणीय आदरणीय पिता/हजुरबुबा **बलराम पौडेल** को ९६ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
शोभाकर पौडेल/ रमादेवी पौडेल
शोभामोहन पौडेल/ मैयादेवी पौडेल

**नाति/नातिनी बुहारीः**
किरण अधिकारी/सरिता अधिकारी
ई. श्रीराम पौडेल/ सविना पाण्डे पौडेल
किरणराज पौडेल/ सृष्टी आचार्य पौडेल
डा. रोशन पौडेल

**छोरी/ज्वाइँः**
रमादेवी / कालीप्रसाद अधिकारी

**पनातिः**
आरोष अधिकारी
आहरन अधिकारी
शुलभ पौडेल

**नातिनी/नातिनी ज्वाइँः**
लक्ष्मी पौडेल/ सुरेश पौडेल
हरिमाया अधिकारी/ किरण अधिकारी
गिता सुवेदी/ ई. आशिष सुवेदी
संगिता निरौला/ ई. अशेष निरौला

**पनातिनीः**
सुरभी पौडेल
इशवी सुवेदी
आयुश्रीया अधिकारी

एवम् पौडेल परिवार पोखरा- १९, घार्मी

पूनश्चः मिति २०७९ कार्तिक २५ गते शुक्रबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ९ः०० बजेदेखि स्थानः पोखरा-१६ दिप